नेपाल सरकार

## अर्थ मन्त्रालय

## महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

# सुर्खेत




सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम मिति २०८० बैशाख महिना देखि २०८० असार मसान्तसम्म ( आ व ०७९।८० को विवरण खुल्नु पर्नेमा सोही अनुसार खुलाईएको छ ) कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेतले सम्पादन गरेका कामहरुको विवरण ।

## १.कार्यालयको परिचयः

जिल्लास्थित सरकारी कार्यालयहरुको स्वीकृत  वार्षिक बजेट बमोजिम संचित कोबाट रकम निकासा दिने, आन्तरिक लेखा परिक्षण गर्ने,जिल्लाको विनियोजन, राजश्व तथा धरौटीको एकिकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने उद्देश्यले विक्रम् सम्वत २०३८ मा नेपालभर महालेखा नियन्त्रक कार्यालय मातहत कोष तथा लेखा नियन्त्रक कार्यालयहरुको स्थापना हुने क्रममा सुर्खेत जिल्लामा यस कार्यालयको स्थापना भएको हो । यस कार्यालयले सुर्खेत जिल्लाका संघीय कार्यालयलाई ती कार्यालयहरुको स्वीकृत वार्षिक बजेटको परिधिभित्र रहेर भुक्तानी निकासा दिने, जिल्लास्थित  प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत कर्णाली प्रदेश सरकार र सुर्खेतका नौ वटा स्थानीय तहहरुलाई संघीय सरकारको अनुदानहरु हस्तान्तरण गर्ने , जिल्लास्थित संघीय कार्यालयहरुको आन्तरिक लेखापरीक्षण गर्ने, कार्यालयहरुको बार्षिक तलवी प्रतिवेदन पास गर्ने साथै निवृत्तिभरण अधिकारपत्र सम्वन्धी तोकिएका कामहरु सम्पादन गरी सोको कानून बमोजिम आवधिक प्रतिवेदनहरु गर्ने गरेको छ ।

## २. काम, कर्तब्य र अधिकारः


आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र महालेखा नियन्त्रक कार्यालयबाट तोकिए अनुसार यस कार्यालयको काम कर्तब्य देहाय अनुसार रहेका छन् ।

- ✓ महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्लास्थित कार्यालयको आर्थिक कारोबारोको रेखदेख निरीक्षण तथा गर्ने र प्रचलित कानूनको अधीनमा रही राय दिने ।
- ✓ आफ्नो ईलाका भित्र आर्थिक कारोबार गर्ने कार्यालयहरु महालेखा नियन्त्रक कार्यालयको परामर्शमा कार्यालयहरुलाई संकेत नम्बर दिने कार्यालयहरुको लगत अद्यावधिक राख्ने ।
- ✓ कार्यालयबाट आर्थिक कारोबारका विवरण लिई जिल्लाको एकिकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने।
- ✓ प्रचलित कानून र महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्ने र प्रतिवेदन गर्ने।
- ✓ जिल्ला स्थित कार्यालयहरुलाई दिईएको निकासा रकमको अभिलेख राख्ने ।
- ✓ राजस्व, धरौटी, विनियोजन एवं अन्य कोष सम्बन्धी  भएका कारोबार लगायत नगद मौज्दात र बेरुजु फस्यौंटका सम्बन्धमा आवश्यकता अनुसार नीरिक्षण गरी त्यस्तो प्रतिवेदन महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कार्यालयका केन्द्रीय निकायमा पठाउने ।
- ✓ निरीक्षण गर्दा स्रेस्ता दुरुस्त नराखेको वा हिनामिना गरेको वा प्रतिवेदन नगरेको वा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा  नियमावली, २०७७ अनुसार काम नगरेको पाईएमा आर्थिक कारोबारो तथा भुक्तानी निकासा रोक्का राखी सम्बन्धित तालुक कार्यालयमा जानकारी गराउने ।

- ✓ महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा प्रदेश तथा स्थानीय सन्चित कोषको संचालन लेखाकंन प्रतिवेदन खाता संचालन सम्न्धमा आवश्यक समन्वय सहजिकरण गर्ने ।
- ✓ महालेखा नियन्त्रक कार्यालयले समय समयम तोकेका अन्य कार्यहरु गर्ने ।

## ३. कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेतको संगठनात्मक चार्ट र कार्यविवरणः-

### ३.१ संगठन संरचना




### ३.२ कोष तथा लेखा नियन्त्रक कार्यालयको शाखागत कार्यविवरण M

### क. प्रशासन ,निवृतिभरण तथा अन्तर सरकारी वित्त समन्वय शाखाः

- ❖ कार्यालयको बजेट तयारी तथा आर्थिक प्रशासन संचालन गर्ने,
- ❖ कार्यालयको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,
- ❖ कार्यालयको बेरुजुको लगत राख्ने ,सम्परीक्षण, फर्छ्यौट र प्रतिवेदन गर्ने,
- ❖ कार्यालयको कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्ने,
- ❖ आफ्नो क्षेत्रभित्रका आर्थिक कारोवार गर्ने कार्यालयहरुको लगत तयारी तथा अध्यावधिक गर्ने ,

- ❖ महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्लाका कार्यालयहरुको आर्थिक कारोवारहरुको रेखदेख निरीक्षण गर्ने , कार्यालयहरुलाई महालेखा नियन्त्रक कार्यालयको नीति निर्देशन र प्रचलित कानुनको अधिनमा रही राय सल्लाह दिने,
- ❖ निवृत्तभरण व्यवस्थापन सम्वन्धी कार्य गर्ने ।
- ❖ संघीय सरकारले प्रदेश तथा स्थानीयलाई दिने अनुदान रकमको वित्तीय हस्तान्तरणको गर्ने
- ❖ प्रदेश सरकार र स्थानीय तहको वित्तीय प्रणालीहरु संचालनमा समन्वय र सहयोग गर्ने ,
- ❖ प्रदेश तथा स्थानिय तहको वित्तीय व्यवस्थापन सम्वन्धमा संघीय सरकारबाट भएको निर्णय निर्देशन र मार्गदर्शन संचार तथा कार्यान्वयन गर्न समन्वयात्मक भुमिका निर्वाह गर्ने,
- ❖ प्रदेश र स्थानीय तहको वित्तीय प्रतिवेदन तयार तथा संकलन गर्न समन्वय तथा सहयोग गर्ने,
- ❖ आर्थिक कारोबारका प्रणालीहरु संचालनमा सहयोग र सहजिकरण कार्य गर्ने ।

**ख. कोष ब्यवस्थापन शाखाः**

- ❖ महालेखा नियन्त्रक कार्यालयबाट तोकिए बमोजिम नेपाल सरकारका खर्च खाताहरु संचालन गरी सरकारी कोष संचालन गर्ने,
- ❖ राजस्व लेखा र दाखिला तथा धरौटी लेखा फर्छ्यौट सम्वन्धमा आवश्यकता अनुसार कार्यालयको निरीक्षण गरी सो को प्रतिवेदन महालेखा नियन्त्रक कार्यलयमा र सम्वन्धित कार्यालयको तालुक विभागमा पठाउने,
- ❖ कार्यालयको निरीक्षण गर्दा कुनै कैफियत पाईएमा निकासा रोक्का गरी तालुक कार्यालयमा जानकारी दिने ,
- ❖ जिल्ला स्थित कार्यालयहररुले गरेको विनियोजन राजस्व धरौटी विविध तथा र अन्य कोषहरुको कारोबारको सम्बन्धमा जिल्लाको एकिकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने ।

**ग. आन्तरिक लेखा परीक्षण शाखाः**

- ❖ वार्षिक आन्तरिक लेखापरीक्षण कार्य योजना तयार गरी स्वीकृत गराउने,
- ❖ स्वीकृत कार्ययोजना अनुसार आन्तरिक लेखापरीक्षण योजना तयार गरी त्रैमासिक रुपमा जिल्ला स्थित संघीय सरकारी कार्यालयहरुको राजस्व, विनियोजन ,धरौटी, जिन्सी र प्रचलित कानुन बमोजिम खडा भएको कार्यसंचालन कोषको नियमितता मितव्ययीता कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने, सम्वन्धित प्रदेश सरकार तथा स्थानीय तहबाट अनुरोध भई आएमा जिल्ला स्थित प्रदेश र स्थानीय तहका कार्यालयहरुको आन्तरिक लेखा परीक्षण गर्ने,
- ❖ त्रैमासिक रुपमा सम्पन्न गरेको आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार षरी सम्वन्धित निकाय तालुक विभाग र मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने,
- ❖ आन्तरिक लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताको मूल्यांकन गरी प्रतिवेदन गर्ने,
- ❖ आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको बेरजु फर्छ्यौटको अवस्थाको जाँच गरी प्रतिवेदन गर्ने,

- आन्तरिक लेखापरीक्षण गर्दा देखिएको गंभिर त्रुटी, अनियमितता, मस्यौट वा हिनामिनाको तत्काल कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, विभागीय प्रमुख तथा सम्वन्धित सचिवलाई प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने ।

## ३.३ स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण;

| क्र स | पदको नाम | श्रेणी | स्वीकृत संख्या | पदपुर्ति संख्या | रिक्त संख्या | पदपूर्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख कोष नियन्त्रक | रा.प. द्धितीय | १ | १ | ० | स्थायी |
| | कोष नियन्त्रक | रा.प. तृतिय | १ | १ | ० | स्थायी |
| ३ | आन्तरिक लेखापरीक्षण अधिकृत | रा.प. तृतिय | १ | १ | ० | स्थायी |
| ४ | लेखापाल | रा.प.अनं.प्रथम | २ | ५ | ० | स्थायी |
| ५ | आन्तरिक लेखापरीक्षक सहायक | रा.प.अनं. प्रथम | २ | २ | ० | स्थायी |
| ६ | सह लेखापाल | रा.प.अन. द्धितिय | १ | १ | ० | स्थायी |
| ७ | ह.स.चा. | श्रेणि विहिन | १ | १ | ० | करार |
| ८ | कार्यालय सहयोगी | श्रेणि विहिन | ३ | ३ | ० | १ स्थायी |
| जम्मा | | | १२ | १५ | 0 | |

## ३.४ कार्यरत कर्मचारीहरु:-

| क्र स | नामथर | पद | श्रेणी | फोन नम्बर | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १ | गोपी चन्द्र भण्डारी | प्रमुख कोष नियन्त्रक | रा.प. द्धितीय | ९८५१०१२६७२ | |
| २ | | | | | प्रशासन तथा निवृत्तभरण शाखा कोष व्यवस्थापन शाखा र अन्तर सरकारी वित समन्वय शाखा |
| ३ | भरत बहादुर रावत | आ.ले.प.अधिकृत | रा.प. तृतिय | 9849322461 | आन्तरिक लेखापरीक्षण शाखा |
| ४ | बालाराम ढुङ्गाना | आ.ले.प. सहायक | रा.प.अनं.प्रथम | 9848031145 | आन्तरिक लेखापरीक्षण शाखा |
| ५ | कविराज थापा मगर | आ.ले.प. सहायक | रा.प.अनं.प्रथम | 9848041787 | आन्तरिक लेखापरीक्षण शाखा |
| ६ | बासुदेव गौतम | लेखापाल | रा.प.अनं प्रथम | 9858066668 | आर्थिक प्रशासन र अन्तर सरकारी वित समन्वय शाखा |
| ७ | नरेश्वर अधिकारी | लेखापाल | रा.प.अनं प्रथम | 9858051278 | प्रशासन तथा तलवी प्रतिवेदन शाखा |
| ८ | कृष्ण प्रसाद ढुङ्गाना | लेखापाल | रा.प.अनं प्रथम | 9858002132 | कोष व्यवस्थापन शाखा |
| ९ | टिकाराम चपाई | लेखापाल | रा.प.अनं प्रथम | 9858050500 | प्रशासन तथा तलवी प्रतिवेदन शाखा |
| १० | खिमा चपाईं | लेखापाल | रा.प.अनं प्रथम | 9844808284 | निवृत्तभरण व्यवस्थापन शाखा |
| ११ | बेदना गौली | सह-लेखापाल | रा.प.अनं द्धिती | 9861048967 | निवृत्तभरण व्यवस्थापन शाखा |
| 1२ | रोशन दहित | ह.स.चालक | श्रेणी विहिन | 9844837316 | सवारी चालकको काम |
| 1३ | सुरेन्द्र बहादुर थापा | कार्यालय सहयोगी | श्रेणी विहिन | 9868275054 | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | ईश्वरी प्रसाद पोखरेल | कार्यालय सहयोगी | श्रेणी विहिन | 9842204605 | |
| 1५ | विमल रावल | कार्यालय सहयोगी | श्रेणी विहिन | 9860254490 | |

गुनासो सुन्ने अधिकारीको रुपमा प्रमुख कोष नियन्त्रक श्री गोपी चन्द्र भण्डारी रहनु भएको छ।
सूचना अधिकारीको जिम्मा आ ले प अधिकृत श्री भरत बहादुर रावतलाई तोकिएको छ ।

**४.कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिने सेवाहरु तथा कार्यहरुः-**

कोष तथा लेखा नियन्त्रक कार्यालय नागरिकका दैनिक कामहरुसंग प्रत्यक्ष सरोकार राख्ने कार्यालय होईन।सेवानिवृत भएका राष्ट्रसेवकहरुको पेन्सन सम्बन्धी सिमित प्रशासनिक कार्य बाहेक नागरिकसंग प्रत्यक्ष सरोकार राख्ने कार्यहरु यस कार्यालयबाट सम्पादन हुदैनन् ।अतM सर्वसाधरण नागरिकहरु यस कार्यालयका सेवाग्राही नभईकन जिल्ला स्थित सरकारी कार्यालयहरु यस कार्यालयका सेवाग्राही हुन्।कानून बमोजिम तथा यस कार्यालयले आफ्ना सेवाग्राहीलाई देहायका सेवा प्रदान गर्ने गरेको छ ।

**<u>नियमित कामहरुः</u>**

- कार्यालयको स्वीकृत बजेट अनुसार सम्बन्धित कार्यालयको भुक्तानी आदेश अनुसार भुक्तानी निकासा गर्ने ,
- जिल्लास्थित कार्यालयले आर्थिक प्रशासनका बिषयमा लिखित राय माग गरेमा प्रचलित कानूनको अधीनमा रही राय प्रदान गर्ने,
- कार्यालयले तयार गरेको वित्तीय विवरणहरुको शुद्धता जाँच गरी वित्तीय विवरणहरु प्रमाणित गर्ने ,
- आन्तरिक लेखापरीक्षणको माध्यामबाट कार्यालयलाई सुधारका सुझावहरु प्रदान गर्ने ,
- आर्थिक कारोबार तथा आर्थिक प्रशासन संचालनका बिषयमा भएका समसमायिक बिषयमा कार्यालयहरुलाई सूचित गराउने ,
- कानून बमोजिम कार्यालयहरुको बार्षिक तलबी प्रतिवेदन पारित गर्ने,
- आर्थिक कारोबारको संचालनका सम्बन्धमा लागु भएका प्रणालीहरुको प्रयोगका लागि क्षमता विकासका तालिमहरु संचालनको समन्वय गर्ने,
- प्रणाली प्रयोगका लागि अन्य कार्यायहरुलाई सहजिकरण गर्ने ,

**<u>निवृत्तिभरण सम्बन्धी कामः</u>**

- परिवारिक निवृत्तिभरण अधिकारपत्र जारी गर्ने ,
- निवृत्तिभरण अधिकारपट्टाको प्रतिलिपी दिने,
- निवृत्तिभरण रकमको हिसाब मिलान,
- निवृत्तिभरणको खाता बन्द गर्ने र हिसाब मिलान,
- तोकिएको उमेर ७५ वा ८५ वर्ष पुगे पछि थप पाउने रकम हिसाब गरी बैंकलाई पत्रचार गर्ने

## 5.सुर्खेत जिल्लामा रहेका संघीय कार्यालयहरु र स्थानीय तहहरु;

5.1 यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका कार्यालयहरुः

| जिल्ला स्थित संघीय सरकारी कार्यालयहरुको नामावलीः- | | | |
|---|---|---|---|
| क्र.सं. | | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| १ | | उच्च अदालत | सुर्खेत |
| २ | | सुर्खेत जिल्ला अदालत | सुर्खेत |
| ३ | **संवैधानिक अंग तर्फ** | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय | सुर्खेत |
| ४ | | लोक सेवा आयोग, सुर्खेत कार्यालय | सुर्खेत |
| ५ | | प्रदेश निर्वाचन कार्यालय | सुर्खेत |
| ६ | | राष्ट्रिय मानवअधिकार आयोग | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **६** |
| | **प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ७ | | उच्च सरकारी वकिल कार्यालय | सुर्खेत |
| ८ | | जिल्ला सरकारी वकिल कार्यालय | सुर्खेत |
| ९ | | राष्ट्रिय अनुसन्धान कर्णाली प्रदेश कार्यालय | सुर्खेत |
| १० | | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | ४ |
| | **प्रदेश प्रमुख तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ११ | | प्रदेश प्रमुखको कार्यालय सुर्खेत | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | १ |
| क्र.सं. | **अर्थ मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| १२ | | कोष तथा लेखा नियन्त्रक कार्यालय | सुर्खेत |
| १३ | | आन्तरिक राजश्व कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **२** |
| क्र.सं. | **गृह मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| १४ | | जिल्ला प्रशासन कार्यालय | सुर्खेत |

| | | | |
|---|---|---|---|
| १५ | | ईलाका प्रशासन कार्यालय | बाबियाचौर, सुर्खेत |
| १६ | | ईलाका प्रशासन कार्यालय मेहेलकुना | सुर्खेत |
| १७ | | कारागार कार्यालय | सुर्खेत |
| १८ | | कर्णाली प्रदेश प्रहरी कार्यालय | सुर्खेत |
| १८ | | कर्णाली प्रदेश सशस्त्र प्रहरी गण मुख्यालय | सुर्खेत |
| १९ | | नेपाल प्रहरी राजमार्ग सुरक्षाा तथा ट्राफिक व्यवस्थापन कार्यालय | सुर्खेत |
| २० | | जिल्ला ट्राफिक कार्यालय | सुर्खेत |
| २१ | | जिल्ला प्रहरी कार्यालय | सुर्खेत |
| २२ | | ईलाका प्रहरी कार्यालय | बाबियाचौर, सुर्खेत |
| २३ | | ईलाका प्रहरी कार्यालय | छिन्चू, सुर्खेत |
| २४ | | ईलाका प्रहरी कार्यालय | लेकवेशी, सुर्खेत |
| २५ | | ईलाका प्रहरी कार्यालय | बादेपिपल, सुर्खेत |
| २५ | | नेपाल प्रहरी आवाशिय माध्यमिक विद्यालय | सुर्खेत |
| २७ | | सशस्त्र प्रहरी बल नेपाल, बाहिनी मुख्यालय सुर्खेत नं. ६ बाहिनी | बाङ्गेसिमल, सुर्खेत |
| २८ | | सशस्त्र प्रहरी बल नेपाल, रक्तकाली गण हेड क्वार्टर सुर्खेत नं. ३२ गण | बाङ्गेसिमल, सुर्खेत |
| २९ | | मद्दती तथा सेवा गुल्म | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **१७** |
| | **रक्षा मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ३० | | नयाँ सबुज गण | कपासे, सुर्खेत |
| ३१ | | पश्चिम कमाण्ड हेड क्वार्टरको कार्यालय | निमारे, सुर्खेत |
| ३२ | | पश्चिम कमाण्ड स्थपति सेवा | निमारे, सुर्खेत |
| ३३ | | विनायक दल गण | निमारे, सुर्खेत |
| ३४ | | मकर गण | सुर्खेत |
| ३५ | | श्री नं. ४ फिल्ड एम्बुलेन्स गुल्म | निमारे, सुर्खेत |
| ३६ | | श्री नं. २ राजअश्त्र गण | एयरपोर्ट, सुर्खेत |
| ३७ | | कालीबक्स गण (ई.) | एयरपोर्ट, सुर्खेत |

| | | | |
|---|---|---|---|
| ३८ | | पश्चिम एयर वेश | एयरपोर्ट, सुर्खेत |
| ३९ | | पश्चिम कमाण्ड ई.एम.ई.वर्कशप | सुर्खेत |
| ४० | | सैनिक आवासीय महाबिद्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **११** |
| | **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ४१ | | मालपोत कार्यालय | सुर्खेत |
| ४२ | | नापी कार्यालय | सुर्खेत |
| ४३ | | मालपोत कार्यालय | मेहेलकुना |
| ४४ | | नापी कार्यालय | मेहेलकुना |
| | | **जम्मा कार्यालय संख्याः** | **४** |
| क्र.सं. | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ४५ | | पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला | सुर्खेत |
| ४६ | | खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय | सुर्खेत |
| ४७ | | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन ईकाइ | सुर्खेत |
| ४८ | | कृषि क्षेत्र विकास कार्यक्रम, कार्यक्रम समन्वय कार्यालय | सुर्खेत |
| ४९ | | कृषि अनुसन्धान निर्देशननालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **५** |
| क्र.सं. | **राष्ट्रिय योजना आयोग तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ५० | | तथ्याङ्क कार्यालय (सुर्खेत, दैलेख र कालिकोट) | सुर्खेत |
| ५१ | | कर्णाली प्रदेश जनगणना कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **२** |
| क्र.सं. | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ५२ | | हुलाक निर्देशनालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **१** |
| क्र.सं. | **संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ५३ | | जिल्ला समन्वय समितिको कार्यालय | सुर्खेत |

| | | | |
|---|---|---|---|
| ५४ | | स्थानीय पूर्वाधार विकास आयोजना | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **२** |
| क्र.सं. | **उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ५५ | | भूकम्प मापन केन्द्र | सुर्खेत |
| ५६ | | नाप तौल तथा गुणस्तर कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **२** |
| क्र.सं. | **शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ५७ | | सुर्खेत मेडिकल कलेज पूर्वाधार विकास आयोजना | सुर्खेत |
| ५८ | | शिक्षा विकास तथा समन्वय ईकाइ | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **२** |
| क्र.सं. | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ५९ | | सडक डिभिजन कार्यालय | सुव्वाकुना, सुर्खेत |
| ६० | | संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय | सुर्खेत |
| ६१ | | मदन भण्डारी राजमार्ग आयोजना | सुर्खेत |
| ६२ | | पुल सेक्टर आयोजना | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **४** |
| क्र.सं. | **शहरी विकास मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ६३ | | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वय ईकाइ | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **१** |
| क्र.सं. | **श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | **ठेगाना** |
| ६४ | | श्रम तथा रोजगार कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **१** |
| क्र.सं. | **उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | **ठेगाना** |
| ६५ | | भेरी बबई डाईभर्सन वहुउद्देश्यीय आयोजना | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **१** |
| क्र.सं. | **खानेपानी मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | **ठेगाना** |

| | | | |
|---|---|---|---|
| ६६ | | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | **१** |
| क्र.सं. | **कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | **ठेगाना** |
| ६७ | | राष्ट्रिय मानव अधिकार आयोग | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | १ |
| क्र.सं | **प्रदेश तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ६८ | | प्रदेश योजना आयोग, कर्णाली प्रदेश | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः** | १ |
| क्र.सं | **स्थानीय तह तर्फ** | **अन्तरगतका कार्यालयका नामहरु** | ठेगाना |
| ६९ | | चौकुने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | चौकुने |
| ७० | | पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | बाबियाचौर |
| ७१ | | बराहताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | बड्डीचौर |
| ७२ | | वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | वीरेन्द्रनगर |
| ७३ | | चिङगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | चिङगाड |
| ७४ | | लेकबेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | कल्याण |
| ७५ | | भेरीगङगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | छिन्चू |
| ७६ | | गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | मेहेलकुना |
| ७७ | | सिम्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | सिम्ता |
| ७८ | | **जम्मा कार्यालय संख्याः** | ९ |
| **कूल जम्मा कार्यालय संख्याः** | | | **७८** |
| **पुनश्चः मिति २०७९/०६/३१ गते सम्म अद्यावधिक गरिएको ।** | | | |

## 6. असार मसान्तसम्म सम्पादित कार्यहरुः

### 6.1 भुक्तानी निकासा

जिल्ला स्थित बिभिन्न संघीय कार्यालयहरुलाई आ व ०७९।८० को २०८० असार मसान्तसम्म देहाय अनुसार भुक्तानी निकासा गरिएको छ ।

**आ.व.२०७९/२०८० को असार मसान्तसम्मको विनियोजन भएको बजेट र निकासा तथा खर्च (रु हजारमा):**

| बजेट प्रकार | बार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | २९५८७८६२ | २४०६९६५७ | 81.35 |
| पुँजिगत | ७०८८२३० | ५५१९१२१ | ७८.८७ |
| जम्मा | ३६६७६०९२ | 29588778 | 80.68 |

**6.२ आ.व.२०७९/२०८० को असार मसान्तसम्म स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको अवस्था (रु हजारमा):-**

| अनुदानको प्रकार | बार्षिक बजेट | हस्तान्तरण भएको रकम | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|
| समानिकरण अनुदान | १२३९७०० | 1146723 | 92।50 |
| समपुरक अनुदान | ९३००० | 51457 | 55।33 |
| विशेष अनुदान | ९२२०० | 52367 | 56।80 |
| सशर्त अनुदान | ३०२३२५७ | 2898057 | 95।86 |
| **जम्मा** | **४४४८१५७** | **4148604** | **93।27** |

**6.३ आ.व.२०७९/२०८० को असार मसान्तसम्म कर्णाली प्रदेश सरकार गरिएको वित्तीय हस्तान्तरणको अवस्था (रु हजारमा):-**

| अनुदानको प्रकार | बार्षिक बजेट | हस्तान्तरण भएको रकम | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|
| समानिकरण अनुदान | १०७२६४०० | 9385600 | 87।50 |
| ससर्त अनुदान | ४९४४९८५ | 3391565 | 68।59 |

| | | | |
|---|---|---|---|
| विशेष अनुदान | ६६८००० | 404761 | 60।60 |
| समपुरक अनुदान | १२१५००० | 338491 | 27।86 |
| **जम्मा** | **१७५५४३८६** | 13520418 | **77।00** |

**६=३=१ आ ब ०७९।०८० मा राजस्व धरौटी र कार्यसंचालन कोषको आम्दानी खर्च विवरण रु हजारमा**

| शिर्षक | आम्दानी | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|
| **राजस्व** | **४३०६४९३** | **००** | **४३०६४९३** | **कुल राजस्व रकम रु २ अरब ४४ करोड ८४ लाख गत आ व को अनुदान तथा निकासा फिर्ता रकम समेत समावेस रहेको छ ।** |
| **धरौटी** | **१०८३३७६** | **१४८८८१** | **९३४४९६** | **आम्दानीमा गत आ ब को मौज्दात रकम समेत समावेस रहेको ।** |
| **विविध खाता . कार्यसञ्चालन कोष** | **१२५७१८०** | **७६४९९१** | **४९२१८८** | **आम्दानीमा गत आ ब को मौज्दात रकम समेत समावेस रहेको ।** |

**6.३ आ.व.२०७९/२०८० को असार मसान्तसम्म तलवी प्रतिवेदन पारित :-**

कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेतबाट आ व ०७९।०८० को साउन देखी २०८० साल असार मसान्तसम्म सुर्खेत जिल्लामा रहेका ७८ कार्यालय (संघ र स्थानीय तह प्रहरी समेत ) मध्ये यस अवधिमा तलवी प्रतिवेदन पारित गर्नका लागि पेश भएका कार्यालय मध्ये ५४ वटा कार्यालयको तलवी प्रतिवेदन पारित भएको छ ।

**नोटः माथि उल्लेखित ७८ वटा कार्यालयहरु मध्ये यस कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्नुपर्ने ६५ वटा कार्यालय रहेका छन् ।**

**6.४ आ.व.२०७९/२०८० को साउन देखी २०८० असार मसान्तसम्म निवृत्तभरण शाखाबाट सम्पादन भएका कामको विवरण:-**

**क. पारिवारिक निवृत्तीभरण तर्फ सम्पादन भएका कामको विवरणः**

1.निजामती तर्फः ३ जना
2.शिक्षक तर्फः १जना
३.प्रहरी तर्फः २ जना
४.नेपाली सेना तर्फः १ जना

**ख. निवृत्तीभरण अधिकार पत्रको प्रतिलिपी प्रदान तर्फ सम्पादन भएका कामको विवरणः**

1.निजामती तर्फः १२ जना
2.शिक्षक तर्फः २ जना
३.प्रहरी तर्फः ६ जना

**ग. ६० /७५/८५ वर्षे थप सुविधा तर्फ सम्पादन भएका कामको विवरणः**

1.निजामती तर्फः ४ जना
2.शिक्षक तर्फः ३ जना
३.प्रहरी तर्फः ३ जना
४.नेपाली सेना तर्फः ४ जना

**6.७ आ.व.२०७९/२०८० असार समान्त सम्म आन्तरिक लेखापरीक्षण गर्नुपर्ने ७३ कार्यालयहरु मध्ये ६४ वटा कार्यालयहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ ।अन्तिम त्रैमासिक आ ले प २०८० भाद्र मासान्त भित्र सम्पन्न गरी ०८०।०८१को प्रथम त्रैमासिकको स्वत प्रकाशनको विवरणमा समावेस हुनेछ ।**

।

**७ सुर्खेत जिल्लास्थित संघीय कार्यालयमा कार्यरत लेखा समूहका कर्मचारीको पदपूर्तिको विवरण**

| क्र.सं. | पदको विवरण | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | उपसचिव | २ | २ | ० | |
| २ | लेखा अधिकृत | १० | ४ | ४ | अ दु अ आ ,को ले नि का ,पुलसेक्टर , उच्च अदालत र कृषि क्षेत्र विकास का |
| ३ | लेखापाल | २८ | ३१ | ० | कोष तथा लेखा नियन्त्रक कार्यालयमा ३ जना लेखापाल फाजिल |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सह-लेखापा | ८ | ७ | १ | ई .प्र का . बाबियाचौर रिक्त |
| जम्मा | | ४८ | ४४ | ५ | |

८: विविध : मिति २०८० जेठ ३० र ३१ गते सुर्खेत जिल्लाका स्थानीयतहहरुका राजस्व शाखामा कार्यरत कर्मचारीहरु सम्मिलित सुत्रमा राजस्व मोड्डुल सम्बन्धी तालिम प्रदान गरिएको ।